# अनुसूची-२
## (दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

.........................................................................................

# जहदा गाउँपालिका मोरङ

.........................................................................................

## स्थानीय राजपत्र

.........................................................................................

## खण्डः ...... संख्याः.......

.........................................................................................

## भाग-२
## जहदा गाउँपालिका

कार्यपालिकाबाट पारित निर्णय मिति २०८२/०२/.......

राजपत्र प्रकाशन मितिः २०८२/०२/.......

.........................................................................................

# बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि २०८२

.........................................................................................

आज्ञाले,
नामः रोशन कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

# बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि

२०८२

कोशी प्रदेश

जहदा गाउँ कार्यपालिकाको कार्यालय,

मझारे, मोरङ

## जहदा गाउँपालिका मोरङको

# बाल अधिकार संरक्षण सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:**
जहदा गाउँपालिकाले बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्बर्धनका लागि नेपालको संविधान तथा प्रचलित कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वय गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत बालमैत्री स्थानीय शासनको प्रबर्द्धनका लागि स्थानीय तहमा बालअधिकार संरक्षण तथा सम्बर्धन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "**बाल अधिकार संरक्षण सम्बर्द्धनसम्बन्धी कार्यविधि, २०८२**" रहेको छ ।

(२) यस कार्यविधिलाई जहदा गाउँपालिकाले स्वीकृत गरी आफ्नो क्षेत्रभित्र लागू गर्न सक्नेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "**अध्यक्ष**" भन्नाले जहदा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "**उपाध्यक्ष**" भन्नाले जहदा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "**ऐन**" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(घ) "**कार्यविधि**" भन्नाले बाल अधिकार संरक्षण सम्बर्धन कार्यविधि,२०८२ सम्झनुपर्छ ।

(ङ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले संघ, प्रदेश वा स्थानीय कानूनमा तोकिएको वा तोकिए बमोजिम भनी सम्झनु पर्दछ । सो पदावलिले कार्यविधि कार्यान्वयनको सिलसिलामा स्थानीय तहको कार्यपालिकाले तोकेको वा तोकिए बमोजिम समेत जनाउँछ ।

(च) "**बालबालिका**" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनुपर्छ ।

(छ) "**बाल अधिकार समिति**" भन्नाले ऐनको दफा ६० बमोजिम जहदा गाउँपालिकामा गठित बाल अधिकार समिति सम्झनुपर्छ ।

(ज) "**बाल कल्याण अधिकारी**" भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्छ ।

(झ) **“बालकोष“** भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिका लागि यसै कार्यविधिको दफा २८ बमोजिम जहदा गाउँपालिकामा स्थापना गरिएको बाल कोष सम्झनुपर्छ ।

(ञ) **“बालगृह”** भन्नाले ऐनको दफा ५२ बमोजिम स्थापना गरिएको बालगृह सम्झनुपर्छ ।

(ट) **‘‘बालक्लब’’** भन्नाले बाल अधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाले यस कार्यविधि बमोजिम जहदा गाउँपालिकामा दर्ता भै स्थानीय क्षेत्रमा सञ्चालनमा रहेका वा सञ्चालन हुने बालक्लबलाई सम्झनुपर्छ ।

(ठ) **‘‘बाल सञ्जाल”** भन्नाले बालक्लबको वडा र गाउँपालिका स्तरीय सञ्जाल सम्झनुपर्छ ।

(ड) “**विशेष संरक्षणका आवश्यकता भएका बालबालिका**” भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्छ ।

(ढ) “**मनोसामाजिक सेवा**” भन्नाले बाल मनावैज्ञानिक, विशेषज्ञ, मनोसामाजिक विमर्शकर्ताद्वारा गरिने आँकलन, लेखाजोखा, विमर्श, प्रेषण, निदान र उपचारसम्बन्धी सेवा सम्झ्नुपर्छ ।

(ण) **‘‘समाजसेवी वा मनोविज्ञ’’** भन्नाले ऐनको दफा ६२ बमोजिम जहदा गाउँपालिकामा सूचीकृत वा नियुक्त गरिएका समाजसेवी वा मनोविज्ञ व्यक्तिलाई सम्झनुपर्छ । सो पदावलिले सम्बन्धित विषयमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत जनाउँछ ।

(त) “**सेवाप्रदायक निकाय**” भन्नाले जहदा गाउँपालिकामा सेवा प्रवाह गरिरहेका वा प्रवाह गर्ने दायित्व भएका सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी र यस्तै अन्य सार्वजनिक निकायहरूलाई सम्झनुपर्छ । सो पदावलिले सार्वजनिक सेवा प्रदान गर्ने निजी क्षेत्रवाट सञ्चालित बैङ्किङ वा सूचना सञ्चार सम्बन्धी सेवा प्रदायकलाई समेत जनाउँछ ।

(थ) “**संस्था**” भन्नाले स्थानीय तहको क्षेत्रभित्र बालगृह वा बालसुधारगृह सञ्चालन गर्ने वा बालबालिकाको हितमा काम गर्ने जुनसुकै संघसंस्था सम्झनुपर्छ ।

(द) “**स्वास्थ्यकर्मी**” भन्नाले अनुमति प्राप्त गर्ने निकायबाट चिकित्सक, स्वास्थ्य सहायक वा स्वास्थ्य सेवा दिने इजाजत प्राप्त स्वास्थ्यकर्मी सम्झनुपर्छ ।

(ध) “**वडाअध्यक्ष**” भन्नाले स्थानीय तहअन्तर्गत वडाअध्यक्ष, वडा समितिको अध्यक्ष वा सो हैसियतमा काम गर्ने पदाधिकारी सम्झनुपर्छ । सो शब्दले वडाअध्यक्षको कार्यवाहक भई काम गर्न अख्तियार पाएको सदस्यलाई समेत जनाउँछ ।

(न) “**पालिका**” भन्नाले जहदा गाउँपालिका सम्झनुपर्छ ।

(प) “**प्रमुख प्रशासकीय अधिकृत**“ भन्नाले जहदा गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा कार्यरत अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(फ) “**परिषद**” भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ

(ब) “**प्रदेश मन्त्रालय**“ भन्नाले सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सम्झनुपर्छ ।

(भ) “**मन्त्रालय**” भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

# परिच्छेद २
# उद्देश्य तथा सिद्धान्त

**३. उद्देश्यः यस कार्यविधिको उद्देश्यहरू देहाय बमोजिम रहेका छन् -**

(क) नेपालको संविधान, प्रचलित कानून र नीतिगत व्यवस्थाको आधारमा जहदा गाउँपालिकाका बालबालिकाको अधिकारको संरक्षण र प्रवर्धनको लागि सहजीकरण गर्ने ।

(ख) बालबालिमाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अपहेलना, बेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने ।

(ग) जहदा गाउँपालिकालाई बालमैत्री बनाउनका लागि आवश्यक नीति, संरचना, कार्यप्रक्रिया अवलम्वन तथा प्रवर्धन गर्न मार्गनिर्देश गर्ने ।

**४. बाल अधिकारका आधारभूत सिद्धान्तहरूः**

बालबालिकाका मौलिक अधिकारहरूप्रति प्रतिबद्ध रही बालबालिकासँग सम्बन्धित कुनै पनि कार्य गर्दा बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरूलाई पालना गरिनेछ ।

**(क) सम्मानपूर्वक जीवन जीउन पाउने अधिकारको सम्मानः**

बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतले सम्मानपूर्वक व्यवहार गर्ने एवम् उनीहरूको स्वतन्त्र पहिचानलाई तिनका बाबुआमा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्व अनुसार व्यवहार गर्ने ।

**(ख) सर्वाङ्गीण विकासको सुनिश्चितताः**

मानवका रूपमा प्रत्येक बालबालिकामा रहेको प्रतिभा, क्षमता र सम्भाव्यताको प्रष्फुटन हुने अवसर उपलब्ध गराउँदै तिनको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक विकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गरिने छ । प्रत्येक बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा व्यक्तिगत गोप्यता खण्डित हुन दिइने छैन ।

**(ग) सहभागिता र विचारको सम्मानः**

बालबालिका भविष्यका देशका कर्णधार हुन्, असल नागरिक बन्ने तयारीमा रहेको अवस्था हो । त्यसैले सामाजिक र सार्वजनिक जीवनमा उनीहरूको सहभागितालाई यथासम्भव बढोत्तरी गरी अवसर प्रदान गरिनेछ तथा बालबालिकासँग सम्बन्धित कार्यक्रममा तिनको औपचारिक सहभागिता र निर्णय प्रक्रियामा तिनीहरूको आवाजको सुनुवाइ र सम्मान गरिनेछ ।

**(घ) संरक्षणको सुनिश्चितताः**

प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारको हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौनजन्य शोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहारबाट जोगाउँदै त्यसबाट उत्पन्न हुने हानीबाट संरक्षण गरिनेछ ।

**(ङ) भेदभाव रहित वातावरणः**

बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जात-लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, फरक क्षमता वा अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगरी भेदभावरहित वातावरणमा तिनको उमेर सुहाउँदो व्यवहार गर्ने ।

**(च) बालबालिकाको सर्वोत्तम हितः**

बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेछ । यसका लागि अभिभावक, शिक्षक तथा समाजका अगुवाको विशेष भूमिका हुनेछ ।

# परिच्छेद ३
# बाल अधिकारको संरक्षण, प्रचलन तथा सम्बर्धनको दायित्व निर्वाहको व्यवस्था

**५. बाल अधिकारको संरक्षणः**

स्थानीय तहले आफ्नो क्षेत्रभित्रका बालबालिकाको अधिकारको संरक्षण, प्रचलन तथा सम्बर्धनका लागि ऐनले व्यवस्था गरेअनुसारको दायित्व निर्वाह गर्नु पर्नेछ एवम् बालबालिकालाई ऐनको दफा ७७ बमोजिम कर्तब्य पालना गर्न गराउन सक्नेछ ।

**६. आवश्यक सेवाप्रवाहको व्यवस्थाः**

बालअधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनका लागि स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रुपले प्रवाह गर्नुपर्नेछः

(क) जहदा गाउँपालिकामा सबै किसिमका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरू अपनाइनेछ ।

(ख) गभर्वती, सुत्केरी, नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सबै किसिमका सेवासुविधा र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अवस्था थाहा पाउन पटके वा आवधिक अनुगमन गर्ने गराउने कार्यहरू गरी कानून र नीति बमोजिम बालबालिकले पाउने स्वास्थ्य अधिकार सुनिश्चित गर्नेछ ।

(ग) जहदा गाउँपालिकाभित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्थाहरूलाई बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्थाका लागि पहल गर्नेछ ।

(घ) प्रत्येक विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबारसहित), कुनै पनि किसिमका बालबालिकाविरूद्ध विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहारजस्ता कार्यहरू निषेध, पत्रुखाना निषेध, शैक्षिक गतिविधि बाहेकका क्रियाकलाप गर्न निषेध लगायत लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाइ, महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र बालमैत्री पठनपाठन, उपयुक्त खेलमैदान र सबै किसिमका विद्यार्थीमैत्री खेलकुद र खेल सामग्रीको व्यवस्था गर्ने तथा गराइने छ ।

(ङ) जहदा गाउँपालिकाभित्रका सबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गराइनेछ । आधारभूत तहसम्म निःशुल्क र अनिवार्य एवम् माध्यमिक तहसम्म निःशुल्क शिक्षाको कानूनी प्रावधानको पूर्ण पालना गरिनेछ ।

(च) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने विविध किसिमका छात्रवृत्तिहरूको यथोचित वितरणको व्यवस्था गरी सोको अनुगमन गरिनेछ ।

(छ) जहदा गाउँपालिकामा एक पुस्तकालय र हरेक वडामा एक बाल पुस्तकालय, बाल सृजना केन्द्र र खेलमैदानको व्यवस्था गरिनेछ ।

(ज) विद्यालयको २०० मिटर वरिपरिको क्षेत्रमा मदिरा, चुरोट तथा सूर्तिजन्य लगायतका स्वास्थ्यका लागि हानि गर्ने सामग्री तथा बस्तु बिक्री वितरण, उपभोग र प्रचारप्रसारमा रोक लगाइनेछ ।

(झ) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाका लागि बालसंरक्षण आचारसंहिता बनाई सबैले देखिने स्थानमा राखिने छ र त्यसको पालना गर्ने गराइने छ

(ञ) बालबालिकाविरूद्ध हुने सबै किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बालश्रम शोषणका घटनाहरू रोकथाम र अन्त्य गर्न, बाबुआमाविहीन र जोखिम अवस्थामा परेका (आधारभूत अधिकारबाट बञ्चित, एचआइभी एड्सबाट संक्रमित र प्रभावित आदि) बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी अनिवार्य लागू गर्ने व्यवस्थाको लागि जहदा गाउँपालिकाले सहजीकरण गर्नेछ ।

(ट) जहदा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ठ) जहदा गाउँपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा बाल सहभागिता गराइने छ । बालबालिकासँग सम्बन्धित कार्यक्रमलाई योजनामा प्राथमिकताका साथ समावेश गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।

(ड) जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाइन् नं.१०९८ तथा हराएका, बेवारिस फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ सँग समन्वय तथा सहकार्य गरिनेछ ।

(ढ) बालबालिकालाई लिङ्ग, जात, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ ।

(ण) जहदा गाउँपालिकाभित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमाविहीन, जोखिम अवस्थामा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

(त) **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८** बमोजिम बालमैत्री स्थानीय तह घोषणाका लागि सूचक प्राप्तिका लागि आवश्यक कृयाकलापहरू सञ्चालन गरिनेछ ।

(थ) जहदा गाउँपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

**७. बालबालिकासम्बन्धी तथ्याङ्क विवरण अद्यावधिक** :

(१) स्थानीय पालिकाले आफ्नो पालिकाभित्रका १८ वर्षको उमेर पुरा नभएका सबै बालबालिकाको खण्डीय एकीकृत तथ्याङ्क विवरण अद्यावधिक अवस्थामा राख्नेछ ।

(२) पालिकाले यस्तो तथ्याङ्कीय अद्यावधिक विवरण वडागत रुपमा राख्न वडासमिति, वडाअध्यक्ष र वडा कार्यालयहरूलाई निर्देशन दिन सक्नेछ ।

**८. बालमैत्री संरचना र अभ्यासको सुनिश्चितताः**

बालबालिका रहने र बालबालिकालाई सेवा प्रदान गर्ने जहदा गाउँपालिकाभित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी संरचना निर्माण गर्ने आवश्यक व्यवस्था मिलाउनुका साथै आवधिक अनुगमनको व्यवस्था गरिनेछ ।

# परिच्छेद ४
# बालबालिकाको विशेष संरक्षण तथा पुनर्स्थापना

## ९.बालगृहको स्थापना, सञ्चालन र अनुगमनः

(१) पालिकाले आफ्नो क्षेत्रभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बालगृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र परोपकारको उद्देश्यले कानुन बमोजिम कुनै संस्थाले अनाथ बाल आश्रमा/अनाथालय वा बालगृह सञ्चालनमा ल्याएको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम संरक्षणार्थ पठाइएका बालबालिकालाई त्यस्तो बालआश्रम/अनाथालय वा बालगृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनुपर्नेछ ।

(४) अनाथ बालआश्रम/अनाथालय तथा बालगृहको भौतिक पूर्वाधार, बन्दोबस्ती जनशक्ति तथा सञ्चालन बालगृह मापदण्ड बमोजिम हुनेछ ।

(५).पालिकाभित्र सञ्चालनमा रहेका र बालबालिका सिफारिस गरी पठाइएका बालगृह, बालसंरक्षण केन्द्रको जहदा गाउँपालिकाले बेलाबेलामा अनुगमन गर्नुपर्नेछ ।

# परिच्छेद ५
# बाल सहभागिता तथा बालक्लब सञ्चालन

## १०. बाल सहभागिताको अभ्यासः

१. बालबालिकालाई आफूसँग सम्बन्धित वा आफूलाई असर पार्ने विषयमा विचार बनाउन र व्यक्त गर्न सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थामा बाल सहभागिताको अभ्यासलाई प्रबर्धन गर्ने व्यवस्था गरिनेछ ।

२. बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा सबै किसिमका बालबालिकाको (बालक, बालिका, अपाङ्गता भएका, यौनिक अल्पसंख्यक आदि) सहभागितालाई प्रबर्धन गरिनेछ ।

३. बाल सहभागिता प्रबर्धनका लागि पालिकाले देहायका उपायहरू अवलम्बन गर्न सक्नेछन् ।

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकाको वडास्तरीय भेला गरी छलफलको अवसर प्रदान गरी उनीहरूको राय लिइनेछ ।

(ख) बालबालिकाको सहभागिता अर्थपूर्ण होस् भन्ने कुरामा ध्यान दिइनेछ । बालबालिकासँग सरोकार भएको कुनै पनि कार्यक्रम, बैठक र अनुगमन टोलीमा सहभागी गराउँदा एक बालक र एक बालिकालाई आमन्त्रण गरी उनीहरूले बालक्लबको प्रतिनिधिका रूपमा सहभागी हुने वातावरण बनाइनेछ।

(ग) गाउँपालिकाभित्र विद्यालयहरूबीच तथा वडाहरूबीच अतिरिक्त क्रियाकलाप ( खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, चित्रकला आदि) सञ्चालन गर्दा अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी कार्यक्रमको आयोजना गरी सबै प्रकारका बालबालिकाको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(घ) बालक्लब तथा बालक्लब सञ्जाल दर्ता वा नवीकरणको लागि रीतपूर्वक आएका निवेदनका आधारमा दर्ता गरी दर्ता प्रमाणपत्र निःशुल्क प्रदान गरिने छ । बालक्लब वा बालक्लब सञ्जाल दर्ता र नवीकरण वापत कुनै पनि शुल्क लिइने छैन ।

(ङ) बाल सहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र सुनुवाइ हुने वातावरण सिर्जना गर्ने कार्यक्रम तय गरी सञ्चालन गर्नेछ ।

(च) आवधिक रूपमा अद्यावधिक गरिएको बालक्लब सम्बन्धी तथ्याङ्क तथा सूचना जानकारी स्थानीय बालअधिकार समिति, प्रदेश बालअधिकार समिति, राष्ट्रिय बालअधिकार परिषदमा पठाइनेछ ।

## ११. बालक्लब दर्ता र नवीकरण:

१. ऐनको दफा १० को उपदफा (१) अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रबर्धनका लागि बालक्लबमा आबद्ध हुन र बालक्लब दर्ता गर्न सक्नेछन् ।

२. बालक्लबमा दर्ता गर्न चाहने बालबालिकाले वडा कार्यालयमा **अनुसूची २** बमोजिमको निवेदन दिनु पर्नेछ । निवेदनका साथ देहायका कागजाद संलग्न गर्नुपर्नेछ।

(क) बालभेलाले बालक्लब स्थपना गर्ने भनी गरेको निर्णयको प्रतिलिपि
(ख) तदर्थ समितिमा रहेका बालबालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि
(ग) अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिस पत्र
(घ) बालक्लब स्थापनाको उद्देश्य, त्यसले गर्ने कार्य, सदस्य हुनको लागि आवश्यक न्यूनतम योग्यता, सदस्य बन्ने प्रक्रिया र कार्यसमितिमा रहने पद, कार्यसमितिको अवधि र सञ्चालन विधि उल्लेख भएको बालक्लबको विधान दुई प्रति ।

३. उपदफा (१)र (२) बमोजिम निवेदन आएमा वडा कार्यालयले बालक्लब दर्ता गरी **अनुसूची ५** बमोजिमको प्रमाणपत्र दिनेछ ।

४. उपदफा (३) बमोजिम दर्ता भएको बालक्लबले प्रत्येक वर्ष देहायको विवरण खुलाई नवीकरणको लागि **अनुसूची २** बमोजिम निवेदन दिन सक्नेछ ।
(क) वर्षभरि क्लबले गरेको मुख्य कामहरूको विवरण समेटिएको सङ्क्षिप्त प्रतिवेदन
(ख) कार्य समितिमा रहेका पदाधिकारी तथा सदस्यहरूको विवरण ।

५. उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले निःशुल्क बालक्लबको दर्ता र नवीकरण गरिदिनेछ ।

६. स्थानीय वडा कार्यालयमा दर्ता भएका बालक्लबहरूको अभिलेख **अनुसूची ६** बमोजिम राखिनेछ ।

७. प्रत्येक बालक्लबले सम्पादन गरेका कार्यहरूको संक्षिप्त प्रतिवेदन प्रत्येक वर्षको फागुन महिनाभित्रमा वडा कार्यालयमार्फत जहदा गाउँ बालअधिकार समितिमा पठाउनु पर्नेछ ।

८. जहदा गाउँ बालअधिकार समितिले बालक्लबको वार्षिक गतिविधिको संक्षिप्त विवरण प्रत्येक वर्ष बैशाख मसान्तसम्ममा प्रदेश बालअधिकार समितिमा पठाउनु पर्नेछ ।

९. बालक्लबले हरेक वर्ष प्रगति विवरण नबुझाएमा वा नवीकरण नगराएमा पछिल्लोपटक नवीकरण गराएको मितिले दुई वर्षको अवधि नाघेमा सो बालक्लब स्वत: निस्कृय भएको मानी दर्ता अभिलेखबाट हटाइनेछ ।

## १२. बालक्लबको वर्गीकरण :

(१) बालक्लबहरू निम्न तीन प्रकारका हुनेछन् ।

(क) **विद्यालयका आधारित बालक्लब**:
एउटै विद्यालयमा अध्ययनरत १२ देखि १७ वर्ष उमेर समूहका बालबालिका सङ्गठित भई विद्यालयमा आधारित बालक्लब स्थापना गर्न सक्नेछन् ।

(ख) **समुदायमा आधारित बालक्लब**:
विविध कारणले विद्यालय जानबाट वञ्चित रहेका वा विशेष अवस्थाका १२ देखि १७ वर्ष उमेर समूहका बालबालिका सङ्गठित भई समुदायमा आधारित बालक्लब गठन गर्न सक्नेछन् ।

(ग) **बालगृह वा बालसुधार गृहमा आधारित बालक्लब**
विभिन्न कारणले बालगृह वा बाल सुधारगृहमा बस्न पुगेका १२ देखि १७ वर्ष उमेर समूहका बालबालिका सङ्गठित भई बालगृह वा बालसुधार गृहमा आधारित बालक्लब स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित बालक्लबमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ सहित चार पदाधिकारी र आवश्यकता अनुसार सदस्यहरू रहन सक्नेछन् ।

## १३. बालक्लब सञ्जाल दर्ता तथा नवीकरण:

१. जहदा गाउँपालिका क्षेत्रमा दर्ता भएका बालक्लबका प्रतिनिधिहरूले चाहेमा वडा भेला गरी वडा स्तरीय बालक्लब सञ्जाल र पालिका स्तरीय बालभेला गरी पालिका स्तरीय बालक्लब सञ्जाल गठन गर्न प्रक्रिया अगाडि बढाउन सक्नेछन् ।

(क) वडास्तरीय बालक्लब सञ्जालमा वडाभित्र रहेका हरेक बालक्लबको प्रतिनिधित्व भएको हुनुपर्ने छ ।

(ख) पालिका स्तरीय बालक्लब सञ्जालमा हरेक वडामा रहेका बालक्लब सञ्जालहरूबाट प्रतिनिधि परेको हुनुपर्ने छ।

(ग) वडा स्तरीय वा पालिका स्तरीय बालक्लब सञ्जालमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ सहित चार पदाधिकारी र आवश्यकता अनुसार सदस्यहरू राख्न सकिनेछ ।

२. उपदफा (१) अनुसार गठित बालक्लब सञ्जालको दर्ता जहदा गाउँपालिकामा गर्नुपर्नेछ । दर्ता गर्न निवेदनसाथ निम्न कागजाद संलग्न गर्नुपर्नेछ।

(क) बालभेलाले बालक्लब सञ्जाल दर्ता गर्ने भनी गरेको निर्णयको प्रतिलिपि,

(ख) बालक्लब सञ्जालको उद्देश्य र मुख्य क्रियाकलापहरू, कार्याविधि, पदाधिकारी, त्यसमा निर्वाचित हुने विधि, बालक्लबबाट प्रतिनिधित्व गराउने विधि समेटिएको बालक्लब सञ्जालको विधान

३. उपदफा (१) बमोजिम गठित बालक्लब सञ्जालले विधिपूर्वक **अनुसूची-४** बमोजिम निवेदन दिएमा जहदा गाउँ पालिकाले विधिवत दर्ता गरी **अनुसूची-६** बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

४. जहदा गाउँपालिकामा दर्ता भएका वडा स्तरीय र पालिका स्तरीय बालक्लब सञ्जालहरूको प्रत्येक दुई वर्षमा नवीकरण गर्नुपर्दछ ।

५. जहदा गाउँपालिकामा दर्ता भएको वडा स्तरीय बालक्लब सञ्जाल र पालिका स्तरीय बालक्लब सञ्जालले प्रगति प्रतिवेदन सहित नवीकरणका लागि निवेदन दिएमा पालिकाले बालक्लब सञ्जालको नवीकरण गरिदिनुपर्नेछ ।

६ बालक्लब सञ्जाल दर्ता र नवीकरण वापत कुनै शुल्क लाग्ने छैन ।

७. लगातार पाँच वर्षसम्म नवीकरण नभएमा बालक्लब सञ्जाल स्वतः खारेज भएको मानिनेछ। एक पटक बालक्लब सञ्जाल खारेज भएपछि पुनः त्यस क्षेत्रका बालबालिकाले बालक्लब सञ्जाल गठन गर्न चाहेमा नयाँ सरह बालक्लब सञ्जाल दर्ता गरी प्रमाणपत्र दिन सकिनेछ।

## १४. बालक्लबको काम, कर्तव्य र अधिकारः:

(१) बालक्लबको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बाल क्लबको पदाधिकारी तथा सदस्यले आफ्नो बालक्लबका सदस्य र १८ वर्षभन्दा मुनिका सबै बालबालिकाको प्रतिनिधि भई उनीहरूको क्षमता विकास हुने हाजिरीजवाफ, वतृत्वकला, निबन्ध लेखन, साहित्य गोष्ठी वा अन्य रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक र परिवारका अन्य सदस्यहरूलाई बालक्लबले गरेका कामहरू र बालअधिकारको अवस्थाका बारेमा जानकारी गराउने,

(ग) बालबालिकालाई जीवनपयोगी सीपको बारेमा जानकारी गराउने,

(घ) बालक्लबलाई बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने,

(ङ) कक्षाकोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बालक्लबलाई परिचित गराउने,

(च) स्वास्थ्य, सरसफाइ र वातावरणको क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(छ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृसंस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउने

(ज) सामाजमा विद्यमान कुरीति, बालविवाह जस्ता बालअधिकार उल्लंघनका घटनाविरूद्ध रचनात्मक आवाज उठाउने,बालबालिकालाई सचेत बनाउने,

(झ) विद्यालयमा भर्ना हुने उमेर समूहका आफ्नो गाउँटोलका बालबालिकाहरू विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी भर्ना अभियान चलाउने,

(ञ) जहदा गाउँपालिका, वडा कार्यालय, सामाजिक संघसंस्था र  टोल विकास संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूमा सकृय सहभागी हुने,

(ट) बालमैत्री स्थानीय शासन प्रबर्धनका लागि निर्धारित सूचकहरू कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका घोषणा अभियानमा निरन्तर संलग्न हुने वा सहयोग गर्ने,

(ठ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण जन्मदर्ता, पूर्ण सरसफाइ आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरूलाई सक्दो सहयोग गर्ने,

## (१५) बालक्लब सञ्जालको काम, कर्तव्य र अधिकारः

(१) बालक्लबका सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) आफ्नो कार्यक्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालनमा सहयोग गर्ने ।

(ख) आबद्ध बालक्लबहरूको गतिविधि सञ्चालन गर्न वडा, पालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त हुनसक्ने आर्थिक सहयोग जुटाउन पहल गर्ने ।

(ग) बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा सञ्जालको प्रतिनिधिका रूपमा सहभागी भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने ।

(घ) बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यक्मको सञ्चालन गर्न विभिन्न उपसमितिहरू बनाई सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी सामूहिक भावनाका साथ काम गर्ने वातावरण बनाउने ।

(ङ) बालबालिकाको हितसँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण चरणहरूमा बालक्लब सञ्जालको संस्थागत प्रतिनिधित्व गरी बालक्लबका सदस्यहरूको सुझाव समेतलाई ख्याल गरी सक्रिय सहभागी हुने ।

(च) बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालबालिकाको तर्फबाट आवश्यक पहल, पैरवी गर्ने र यस्ता घटनाका विरूद्ध सम्बन्धित सरोकारवालाको ध्यान आकृष्ट गराउने ।

(छ) बालक्लबले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरूको खोजी गरी कार्यक्रम सम्पन्न गर्न सहयोग र समन्वय गर्ने।

(ज) आफ्नो क्षेत्रमा सञ्चालित विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिशामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, भयरहित शिक्षण सिकाइको लागि सञ्चालित अभियानहरूमा बालक्लब सञ्जालको तर्फबाट सहभागी हुने ।

(झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघसस्था तथा सरोकारवालाबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

(ञ) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूले गरेका कार्यहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने, अभिलेख राख्ने र गाउँ बालअधिकार समितिमा पेस गर्ने ।

(ट) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य गर्दै सवालहरूलाई सामूहिकीकरण गर्ने र एक अर्काबाट सिक्ने पद्धति बसाउने ।

(२) उपदफा (१) मा जे सुकै लेखेको भए पनि बालक्लब तथा बालक्लब सञ्जालकाले देहायका कार्यहरूमा सहभागी हुन वा त्यस्ता कार्य गर्न गराउन पाउने छैनन् :-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनको पक्षमा वा विरोधमा लाग्न वा विचार व्यक्त गर्न,
ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउन
(ग) समुदायमा मिलेर बसेका जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य गर्न

## १६.बाल भेला :

(१) बालक्लबले आफनो सरोकारको विषयमा छलफल गर्न, योजना माग गर्न र बालक्लबको प्रगति प्रतिवेदनमा छलफल गर्न वा पुनर्गठन गर्न आवधिक रूपमा बालभेला गर्न सक्नेछन् ।

(२) बालक्लब सञ्जालले वडा स्तरीय तथा पालिका स्तरीय मुद्दामा छलफल गर्न, योजना माग गर्न र सञ्जाल पुनर्गठन गर्न बालभेला आयोजना गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको भेलाका आयोजनाले सहभागी हुने बालबालिका, बालबालिकाको आमाबाबु वा संरक्षक वा माथवर व्यक्तिसँग अनुमति लिनु पर्नेछ ।
(४) बाल भेला आयोजना गर्दा बालबालिकाले राति बास बस्ने गरी जानुपर्ने भएमा अभिभावक वा संरक्षक वा माथवर व्यक्तिबाट लिखित अनुमति लिनुपर्नेछ। बालकलाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । बालिकाको हकमा महिला संरक्षकको साथ लगाई पठाउनु पर्नेछ ।

# परिच्छेद ६
# बाल अधिकार समितिसम्बन्धी व्यवस्था

## १७. गाउँ बाल अधिकार समितिको गठनः

(१) जहदा गाउँपालिकामा देहाय बमोजिमको गाउँ बाल अधिकार समिति गठन हुनेछः-

(क) जहदा गाउँपालिकाका उप प्रमुख -अध्यक्ष

(ख) पालिकाले तोकेको महिला सदस्य सहित कम्तिमा दुईजना वडा सदस्य -सदस्य

(ग) पालिकाभित्रका विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट कम्तिमा दुई जना -सदस्य

(घ) सूचीकृत समाजसेवी र बालमनोविज्ञमध्येबाट एकजना -सदस्य

(ङ) पालिकाभित्रका चिकित्सक वा मनोचिकित्सकहरूमध्येबाट एकजना -सदस्य

(च) गाउँपालिको शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख दुई जना -सदस्य

(छ) पालिका स्तरीय बालक्लब सञ्जालले तोकेको एक बालक र एक बालिका -सदस्य

(ज) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(झ) बाल अधिकार र बालन्यायका क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थाहरू मध्येबाट पालिकाले मनोनयन गरेको कम्तिमा एक महिलासहित तीनजना -सदस्य

(ञ) बाल कल्याण अधिकारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

## १८.गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः

(१) गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) जहदा गाउँपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) जहदा गाउँपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम शोषण, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बालहिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) जहदा गाउँपालिकाभित्रका वडा, विद्यालय र अन्य सार्वजनिक संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन गर्नुका साथै बालमैत्री वडा तथा पालिका घोषणाको नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जहदा गाउँपालिकामा एक आर्थिक वर्षमा बालबालिकासम्बन्धी भए गरेका कार्यहरू र बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिकासम्बन्धी वार्षिक प्रतिवेदन कार्यपालिकामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्रमा पेस गर्ने,

## १९. गाउँ बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः

गाउँ बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## २०. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः

(१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरू मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीय तहको प्रचलित नियमानुसार वा समितिले तोकी दिए बमोजिम हुनेछ ।

## २१. वडास्तरीय बाल अधिकार समितिः

(१) जहदा गाउँपालिकाले देहाय बमोजिमका वडास्तरीय बाल अधिकार समिति गठन गर्न सक्नेछ :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित दुई जना वडा सदस्य, -सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापक वा निजले तोकेको फोकल शिक्षकमध्ये बढीमा तीन जना -सदस्य

(घ) वडास्तरीय बाल सञ्जालले तोकेको एक बालिका र एक बालक -सदस्य

(ङ) वडा प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(च) समाजसेवी, बालमनोविज्ञ, बालअधिकार, बालन्यायको क्षेत्रमा काम गरेका व्यक्तिमध्येबाट अध्यक्षले मनोनयन गरेको बढीमा चार जना -सदस्य

(छ) वडा सचिव -सदस्य-सचिव

(२) उपदफा (१) (ग) र (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(३) समितिले आवश्यकता अनुसार समितिको सदस्य नरहेका वडा सदस्य, वडास्थित विद्यायलय व्यवस्थापन समिति वा संघसंस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

## २२. वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः

वडास्तरीय बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बालअधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरू बाल अधिकारमा आधारित सहभागितामूलक विधिबाट सम्पन्न गर्न पहल गर्ने ।

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने।

(ग) वडालाई बालमैत्री बनाउने प्रक्रियाको नेतृत्व लिने।

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन, अनुसन्धान गर्ने गराउने।

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरू सङ्कलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने

(च) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम सञ्चालन गर्ने गराउने

(छ) वडास्तरमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार, बालबालिकाविरूद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूका बारेमा बताउने र आम नागरिकलाई सुसूचित गर्ने

## २३. वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:
वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनासहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछ, निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैं निर्धारण गर्न सक्नेछ।

# परिच्छेद ७
# बाल कल्याण अधिकारी

## २४. बाल कल्याण अधिकारीको नियुक्तिः

(१) पालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी स्थानीय तहको कर्मचारी मध्येबाट नियुक्त वा पदपूर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ।

(२).उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म गाउँपालिकाले महिला तथा बालबालिका शाखा प्रमुखलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ।

३ उपदफा (१) बमोजिम नियुक्त वा उपदफा (२) अर्न्तगत तोकिएको बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्नेछ।

## २५. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार:
बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न जहदा गाउँपालिका र गाउँ बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेस गर्ने ।

(ग) जहदा गाउँपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) जहदा गाउँपालिकाभित्र जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी गाउँ बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेस गर्ने र बाल अधिकार समितिको बैठकबाट स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण स्थानीय तहबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा पठाउने ।

(छ) बालबालिकाविरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ढ) जहदा गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

# परिच्छेद ८
# बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

## २६. समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्तिः

(१) स्थानीय तहका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिको नाम गाउँ बाल अधिकार समितिले सूचीकृत गराउनुपर्नेछ ।

२. उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना जारी गर्नेछ ।

३. समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित गाउँ बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ । समाजसेवी र बालमनोविज्ञको योग्यताको हकमा बालअधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझबाट तोकिएको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवी वा बाल मनोविज्ञका रूपमा सूचीकृत गरी स्थानीय बाल अधिकार समितिले सूचना प्रकाशन गर्नेछ ।

५. सूचीकृत समाजसेवी र बालमनोविज्ञमध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने समाजसेवी र बालमनोविज्ञको छनोट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा पालिकाले तोके बमोजिम हुनेछ ।

६. नियुक्त हुने समाजसेवी र बालमनाविज्ञको पारिश्रमिक पालिकाले व्यवस्था गर्नेछ ।

## २७. सेवाप्रदायकको नक्साङ्कन तथा सूचीकरणः

(१) जहदा गाउँपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्धनमा काम गर्ने संस्थाहरूलाई पालिकाले सूचीकृत गर्नेछ ।

(२) उपदफा (१) सूचीकृत हुनका लागि संस्थाहरूले स्थानीय बाल अधिकार समितिमा आवश्यक कागजात तथा विवरणसाथ निवेदन गर्नेछन ।

(३) उपदफा (२) बमोजिमको प्राप्त निवेदन तथा कागजातको जाँचबुझ पश्चात स्थानीय बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकलाई सेवा प्रदायक निकायको रूपमा गाउँ बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ ।

# परिच्छेद ९
# बाल कोष सञ्चालन तथा व्यवस्थापन

## २८. बालकोष:

(१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ जहदा गाउँपालिकामा एक बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:
(क) जहदा गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट
(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता
(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता
(घ) स्थानीय न्यायिक समितिबाट बाल अधिकार प्रचलन गराउने सिलसिलामा बालबालिकाविरूद्ध भएको उल्लघंनबापत साबालक व्यक्तिलाई गरिएको जरिवाना रकम
(ङ) बाल अधिकार संरक्षण तथा सम्बर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम
(च) अन्य आम्दानी

## २९. बालकोष सञ्चालक समिति:

(१) जहदा गाउँपालिकामा बालकोष सञ्चालनका लागि देहाय बमोजिमको बाल कोष सञ्चालक समिति रहनेछ:-

| | |
|---|---|
| (क) अध्यक्ष, गाउँ बाल अधिकार समिति | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) लेखा प्रमुख | - सदस्य |
| (घ) गाउँ बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको एकजना | - सदस्य |
| (ङ) बाल कल्याण अधिकारी | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

## ३०. बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:

गाउँपालिका स्तरीय बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-

(क) जहदा गाउँपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भई सञ्चालनमा रहेका गाउँ बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बालकोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, स्वास्थ्योपचार, पुनर्स्थापना तथा त्यस्ता बालबालिकालाई राहत दिने कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

## ३१. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः

समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नसक्नेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा र खर्च गर्न सक्नेछन्। तर सो खर्च रकम समितिको त्यसपछि लगत्तै हुने बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

## ३२. कोषको प्रयोगः

(१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थाका बालबालिकाको उद्धार गर्न,
(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,
(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बामोजिमको कागजात पेस गर्नुपर्नेछ ।

## ३३.बालकोषको खर्चको सीमाः

(१) बालकोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः।
(क) हिंसापीडित बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि रू.१० हजारसम्म
(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श सेवा, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५ हजारसम्म
(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षणवापत अधिकतम प्रति व्यक्ति रू. ५ हजारसम्म
(घ) विशेष परिस्थितिका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवम् प्रशासनिक कार्य र सचेतना कार्यक्रममा खर्च गर्न पाइने छैन ।

## ३४.कोषको खाता सञ्चालनः

१. बालकोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने बैंक तथा वित्तीय संस्था एवम् नेपाल सरकारबाट वित्तीय कारोबार गर्ने अनुमति प्राप्त सहकारी संस्थामा खाता खोली जम्मा गरिनेछ ।

२. उपदफा (१) बमोजिमको खाता जहदा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

३. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि बालकोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

## ३५. कोषको लेखा र लेखा परीक्षण:

१. कोषको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।
२. कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

# परिच्छेद-१०
# विविध

## ३६. स्रोतको व्यवस्थापन:

जहदा गाउँपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्बर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

## ३७. प्रोत्साहन पुरस्कारको व्यवस्था:

बाल अधिकारको संरक्षण तथा सम्बर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, बालक्लब सञ्जाल तथा सामाजिक संघसंस्थालाई स्थानीय पालिकाले पुरस्कार दिन वा आर्थिक वा भौतिक सहयोग गर्न सक्नेछ ।

## ३८. बालसंरक्षण मापदण्ड तथा आचारसंहिता पालना गर्नुपर्ने :

जहदा गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी, शिक्षक, बालबालिकासँग प्रत्यक्ष सरोकार राखी कार्य गर्ने व्यक्ति, वडा तथा महानगर बालअधिकार समितिका पदाधिकारी तथा सदस्य, बालक्लब सञ्जालका सदस्य तथा समिति अन्तर्गत गठन गरिने उपसमिति वा कार्यटोली वा कार्यदलका सदस्यहरूले गाउँपालिकाले जारी गरेको बाल संरक्षण नीति र बाल संरक्षण आचारसंहितामा सहमति जनाई पालना गर्नु पर्नेछ ।

## ३९.कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार:

यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार जहदा गाउँपालिकालाई हुनेछ ।

## ४०.संशोधन गर्न सकिने:

यस कार्यविधिलाई जहदा गाउँपालिकाको गाउँ सभाले आवश्यक ठानेमा संशोधन गर्न सक्नेछ ।

## ४१.खारेजी र बचाउः

बालबालिकासम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ । त्यस अवस्थामा नेपाल सरकार तथा प्रदेश सरकारको कानून जुनसँग बाझिएको हो त्यसैमा लेखिएका कुरा मान्य हुनेछ ।

## ४२.यसै कार्यविधि बमोजिम गरेको मानिनेः

जहदा गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिकाको हितमा गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अबलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

*** **समाप्त** ***

# अनुसूची-१

**विशेष संरक्षणको आवश्यकता भएका, बेवारिसे वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिकासम्बन्धी सूचना**

श्री बालकल्याण अधिकारीज्यू,
वा ………………प्रहरी कार्यालय
जहदा गाउँपालिका मोरङ, कोशी प्रदेश ।

**विषयः <u>बेवारिसे अवस्थामा बालिका फेला परेकोले उद्धार तथा संरक्षका लागि</u>**

महोदय,

मोरङ जिल्ला जहदा गाउँपालिका वडा नं.…मा मिति……………………..गते ……बजेको समयमा बेवारिसे अवस्थामा देहायको बालक वा बालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था गर्न हुनका लागि यो जानकारी निवेदन गरेको छु ।

फेला परेको बालक वा बालिकाको नाम, थर……….
हुलिया….
उचाइ……
उमेर….
लिङ्ग……
शारीरिक अवस्था……
सक्षमता…….
थाहा भएको अन्य विवरण…….

फेला पार्ने व्यक्तिको नामः
ठेगाना
सम्पर्क नम्बरः
हस्ताक्षरः

# अनुसूची-२

## बालक्लब दर्ताका लागि दिइने निवेदनको ढाँचा

मितिः .................

श्री वडाध्यक्षज्यू,
जहदा गाउँपालिका वडा नं ...,
....... , मोरङ नेपाल ।

विषयः– **बालक्बल दर्ता सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा मोरङ जिल्लाको जहदा गाउँपालिका वडा नं......मा रहेको श्री ......................................... ....... विद्यालयमा वा ........................बालगृहमा वा .. ............टोलमा बाल अधिकारको प्रबर्धनसम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न हामीले ......................................... नाम गरेको बालक्लब गठन गरेको हुनाले सो क्लब दर्ता गर्न ईच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन दिएका छौं, **बालबालिका सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम** (१) बमोजिम बालक्लब दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

**निवेदकहरू**

| **क्र.सं.** | **नम** | **बालक्लबको प्रस्तावित पद** | **कक्षा** | **हस्ताक्षर** |
|---|---|---|---|---|
| **१** | | अध्यक्ष | | |
| **२** | | उपाध्यक्ष | | |
| **३** | | सचिव | | |
| **४** | | कोषाध्यक्ष | | |
| **५** | | सदस्य | | |
| **६** | | सदस्य | | |
| **७** | | सदस्य | | |
| **८** | | सदस्य | | |
| **९** | | सदस्य | | |

**संलग्न काजगादहरू**

१. बालक्लबको प्रस्तावित विधान थान २
२. निवेदक बालबालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि
३. निवेदक बालबालिका अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिस
४. बालक्लब गठन गर्ने सम्बन्धमा गरेको बालक्लबको निर्णयको प्रतिलिपि

# अनुसूची-३

## *वडा बालक्लब सञ्जाल दर्ताका लागि दिइने निवेदनको ढाँचा*

मितिः ..................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

जहदा गाउँपालिका

लक्ष्मीनिया, मोरङ नेपाल ।

विषयः– **वडा स्तरीय बालक्बल सञ्जाल दर्ता सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा मोरङ जिल्लाको जहदा गाउँपालिका वडा नं......मा वडा स्तरीय बालक्लब सञ्जाल गठन भई बाल अधिकारको प्रबर्धनसम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न ईच्छुक भएको हुनाले सो सञ्जाल दर्ता गर्न देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन दिएका छौं, **बालबालिका सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (१) बमोजिम** वडा स्तरीय बालक्लब सञ्जाल दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

**निवेदकहरू**

| क.सं. | नाम | सञ्जालको प्रस्तावित पद | विद्यालय वा बालगृहको नाम | कक्षा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | उपाध्यक्ष | | | |
| ३ | | सचिव | | | |
| ४ | | कोषाध्यक्ष | | | |
| ५ | | सदस्य | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |
| ८ | | सदस्य | | | |
| ९ | | सदस्य | | | |

**संलग्न कागजादहरू**

१. निवेदक बालबालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि

२. सम्बन्धित वडा कार्यालयको सिफारिस

३. वडा बालक्लब सञ्जाल गठन गर्ने निर्णयको प्रतिलिपि

# अनुसूची-४

## पालिका स्तरीय बालक्लब सञ्जाल दर्ताका लागि दिइने निवेदनको ढाँचा

मितिः ………………

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

जहदा गाउँपालिका

लक्ष्मीनिया, मोरङ नेपाल ।

विषयः– **पालिका स्तरीय बालक्बल सञ्जाल दर्ता सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा मोरङ जिल्लाको जहदा गाउँपालिकामा क्रियाशील बालक्लबहरूको छाता संगठनका रूपमा पालिका स्तरीय बालक्लब सञ्जाल गठन गरी बाल अधिकारको प्रबर्धन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न ईच्छुक भएको हुनाले सो सञ्जाल दर्ता गर्न देहाय बमोजिमको कागजात संलग्न गरी निवेदन दिएका छौं, **बालबालिका सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम** (१) बमोजिम उल्लेखित पालिका स्तरीय बालक्लब सञ्जाल दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

**निवेदकहरू**

| क्र.सं. | नाम | सञ्जालको प्रस्तावित पद | विद्यालय वा बालगृहको नाम | वडा नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | उपाध्यक्ष | | | |
| ३ | | सचिव | | | |
| ४ | | कोषाध्यक्ष | | | |
| ५ | | सदस्य | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |
| ८ | | सदस्य | | | |
| ९ | | सदस्य | | | |

**संलग्न कागजादहरू**

१.पालिका स्तरीय बालक्लब सञ्जालको प्रस्तावित विधान थान २

२. निवेदक बालबालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि

३. पालिका स्तरीय बालक्लब सञ्जाल गठन गर्ने निर्णयको प्रतिलिपि

# अनुसूची-५

## बालक्लब दर्ता प्रमाणपत्रको नमूना

### जहदा गाउँपालिका
### वडा नं. ..... कार्यालय
### मोरङ जिल्ला, कोशी प्रदेश, नेपाल ।

# बालक्लब दर्ता प्रमाणपत्र

दर्ता नः...........

मितिः-..................

श्री...........................................बालक्लब
ठेगाना .......................................।

मोरङ जिल्ला जहदा गाउँपालिका वडा नं. .... को ............. ................ .... ..................विद्यालय/समुदाय/ बालगृहमा मितिः....................मा गठन भएको ......................................बालक्लब/ बालक्लब सञ्जाललाई यस जहदा गाउँपालिकामा **बाल संरक्षण सम्बर्धन कार्यविधि २०८२** को परिच्छेद ५ दफा ११(३) ले व्यवस्था गरेअनुसार दर्ता गरी आबद्धताको प्रमाण–पत्र प्रदान गरिएको छ ।

नेपालको सविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनको अधीनमा रही यस गाउँपालिकाको बालमैत्री अभियानमा सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
नाम :

पद :

दस्तखतः

मितिः

# अनुसूची-६

## बालक्लब सञ्जाल दर्ता प्रमाणपत्रको नमूना

## जहदा गाउँपालिका
## मोरङ जिल्ला
## कोशी प्रदेश, नेपाल ।

## बालक्लब सञ्जाल दर्ता प्रमाणपत्र

दर्ता नः...........

मितिः-..................

श्री.......................................बालक्लब सञ्जाल
ठेगाना .......................................।

मोरङ जिल्ला जहदा गाउँपालिका स्तरीय वा वडा नं ....स्तरीय बालक्लब सञ्जाल मिति २०८२।०२ । गते गठन भएको .....................................बालक्लब सञ्जाललाई यस जहदा गाउँपालिकामा दर्ता गरी **बालअधिकार संरक्षण सम्बर्धन कार्यविधि २०८२** को परिच्छेद ५ दफा १३ (३) मा व्यवस्था गरेअनुसार आबद्धताको प्रमाण–पत्र प्रदान गरिएको छ ।

नेपालको सविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनको अधीनमा रही यस गाउँपालिकाको बालमैत्री अभियानमा सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
नाम :

पद :

दस्तखतः

मितिः

# अनुसूची–६

## जहदा गाउँपालिका
## वडा नं.
## मोरङ जिल्ला कोशी प्रदेश, नेपाल
## बालक्लब दर्ता र नवीकरण अभिलेख किताब

| क्र.सं. | बालक्लबको नाम | विद्यालय/सुधारगृह/ठेगाना | बालक्लबमा आबद्ध बालबालिका | | अध्यक्षको नाम | सम्पर्क नम्बर | दर्ता नम्बर | दर्ता मिति | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची–७

**जहदा गाउँपालिका**
**मोरङ जिल्ला**
**कोशी प्रदेश, नेपाल**

बालक्लब सञ्जाल दर्ता र नवीकरण अभिलेख किताब

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">बालक्लब सञ्जालको नाम</th><th rowspan="2">ठेगाना</th><th colspan="2">बालक्लब सञ्जालमा आबद्ध बालबालिका</th><th rowspan="2">अध्यक्षको नाम</th><th rowspan="2">दर्ता नम्बर</th><th rowspan="2">दर्ता मिति</th><th rowspan="2">सम्पर्क नं.</th><th rowspan="2">नवीकरण मिति</th><th rowspan="2">प्रमाणित गर्ने</th></tr>
<tr><th>बालक</th><th>बालिका</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

**अनुसूची–८**

# गाउँ बाल अधिकार समितिमा उजुरी दिने निवेदनको ढाँचा

मिति ......................

श्री गाउँ बाल अधिकार समिति
जहदा गाउँपालिका
लक्ष्मीनिया, मोरङ

विषयः **कारवाही गरिपाउँ ।**

म पीडित भएकाले आवश्यक विवरण सहित निवेदन गरेको छु, अविलम्ब सुनुवाइ गरी कारवाही गर्नुहुन अनुरोध छ ।

१.बालकबालिकाको नाम थर .....................(नाम थर लेख्न मन नलागे नलेख्दा पनि हुने)

२. कक्षा................... (कक्षा लेख्न मन नलागे नलेख्दा पनि हुने)

३. विद्यालयको नाम ....................................................................

४. उमेर ..........................

५. लिङ्ग .................

६. गुनासो गर्नुपर्ने घटना ......................................................................

७. घटना गर्ने व्यक्ति ..................................................................

८.घटनाको प्रकृति ..........................................................................

९.घटना वा समस्या पहिलो पटक हो वा दोहोरिएको हो .................................

१०.घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन्?

.............................................................................................................
..............................................................................................................
........................................................................................................
.........................................................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागे नगर्दा पनि हुने)